चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगंजका प्रा. डा. गोविन्द के. सी.ले विभिन्न माग राखी गर्नु भएको अनसन र नेपाल चिकित्सक संघले राखेका मागका सम्बन्धमा नेपाल सरकार, डा. के. सी. र नेपाल चिकित्सक संघका तर्फबाट मिति २०७१ चैत्र १९ गते भएको संझौता

१. श्री केदारभक्त माथेमा संयोजक रहेको समितिबाट प्रतिवेदन प्राप्त भई स्वास्थ्य शिक्षा नीति बनेपछि सोही बमोजिम हुनेगरी नीति र कानुन नबनेसम्म सम्वन्धन दिने र विस्तार गर्ने सम्वन्धी कुनै पनि काम कारवाही नगर्ने । यस सम्वन्धमा सम्माननीय प्रधानमन्त्री तथा कुलपतिले शिक्षा मन्त्रीलाई दिनु भएको निर्देशन सम्लग्न छ ।

२. अनियमितता छानविन गर्न गठित श्री जयराम गिरी नेतृत्वको समितिले दिएको प्रतिवेदन कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने । चिकित्साशास्त्र अध्ययन संस्थान टुक्रयाउने गरी भएको सिनेटको निर्णय कार्यान्वयन नगर्न कुलपतिबाट पत्राचार भएको । चिकित्साशास्त्र सम्वन्धी आसयपत्र, सम्वन्धन, विस्तारित कार्यक्रम (एक्स्टेण्टेड प्रोगाम), योग्यताक्रमका आधारमा विद्यार्थी भर्ना, सिट थपघट र शुल्क सम्बन्धमा त्रिभुवन विश्वविद्यालय, काठमाडौ विश्वविद्यालय र नेपाल मेडिकल काउन्सिलबाट भएगरेका कामका विषयमा छानविन गरी दुई महिना भित्र प्रतिवेदन पेश गर्न पुनरावेदन अदालतका पूर्वन्यायाधीस संयोजक रहेको एक छानविन आयोग सात दिन भित्र गठन गर्ने । सो समितिको प्रतिवेदनका सिफारिश अविलम्ब कार्यान्वयन गर्ने ।

३. चिकित्सा विश्व विद्यालय विधेयक आगामी तीन महिनाभित्र संसदमा पेश गर्ने ।

४. स्वास्थ्य शिक्षा नीति निर्माणका लागि बनेको समितिको प्रतिवेदन कार्यान्वयन गर्ने ।

५. चिकित्सा क्षेत्रका पदाधिकारीहरु विशिष्टता र बस्तुनिष्ट आधारमा नियुक्त गर्ने राजनैतकि प्रतिबद्धता गर्ने तथा सो प्रतिवद्धता कार्यान्वयन गर्न चार महिना भित्र कानूनी व्यवस्था गर्ने ।

६. मापदण्ड पूरा नगर्ने मेडिकल कलेजलाई पुन:मूल्यांकन गरेर डिअफिलियट गर्न सकिने स्पष्ट नीतिगत व्यवस्था सिफारिश गर्न श्री केदारभक्त माथेमाको संयोजकत्वमा रहेको समितिलाई कार्यादेश थप्ने ।

७. स्वास्थ्य सेवाका लागि आवश्यक चिकित्साशास्त्र र अन्य सम्पूर्ण विषयका सबै कोर्सका सबै तहमा वैज्ञानिक शुल्क निर्धारण गर्न श्री केदारभक्त माथेमा संयोजक रहेको समितिलाई थप क्षेत्राधिकार दिने र सो सिफारीश आगामी शैक्षिक सत्रदेखि लागू गर्ने ।

८. सरकारी शिक्षण संस्थाहरुमा एमडी, एमएस, एमडीएस, डिएम र एमसीएच (MCh) तहमा शैक्षिक सत्र २०७२/२०७३ देखि अध्ययन गर्ने विद्यार्थीलाई समावेश गर्नेगरी नि:शुल्क गर्ने र त्यसका लागि कार्य विधि र बजेटको व्यवस्था आगामी आ.व.देखि स्वास्थ्य मन्त्रालयले गर्ने । निजी कलेजको सम्बन्धमा श्री केदारभक्त माथेमा समितिले सिफारिश गरे बमोजिम हुने ।

९. पाँचै विकास क्षेत्रमा आगामी पाँच बर्षमा कम्तिमा एक एक सरकारी मेडिकल कलेज हुने नीति लिने र आगामी आ.ब.मा मध्यपश्चिमाञ्चलमा एक मेडिकल कलेज स्थापना कार्यलाई अगाडि बढाउने ।

१०. काठमाडौं विश्वविद्यालयबाट दिइएको बिस्तारित कार्यक्रम सम्बन्धमा कानुनी प्रक्रिया पुर्याई स्थगन गर्नेतर्फ कारवाही चलाउने र तत्पश्चात् अध्ययनरत विद्यार्थीहरुको उपयुक्त व्यवस्थापन गर्ने ।

११.नेपाल चिकित्सक संघसँग गरिएका सम्झौता र उक्त संघले उठाएका मागहरुमध्ये यहाँ सम्झौता भएका मागहरुमा यसैअनुसार हुने र बाँकी विषयलाई सम्बन्धित मन्त्रालयमा सम्बोधन र कार्यान्वयनका लागि पठाउने ।

उपर्युक्त सहमति कार्यान्वयनको अनुगमन गर्न नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा नेपाल चिकित्सक संघका अध्यक्ष र प्रा. डा. वाई. पि. सिंह सदस्य रहेको एक कार्यदल गठन गर्ने । चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगंजका प्रा. डा. गोबिन्द के. सी.ले बिभिन्न माग राखी गर्नु भएको अनसन र नेपाल चिकित्सक संघले आह्वान गरेको आन्दोलन आजकै मिति देखि समाप्त गर्ने ।

२३।१२।०६९

| नेपाल सरकारका तर्फबाट | **प्रा डा गोविन्द केसी** | नेपाल चिकित्सक संघको तर्फबाट |
|---|---|---|
| **प्रा डा गोविन्दराज पोखरेल** | | **डा अञ्जनी कुमार झा** |
| **लीलामणि पौड्याल** २०६९।१२।१९ | | |